# मिथिला नगरपालिकामा प्रशिक्षार्थी (Program Fellow)को आवेदनका लागि सूचना

**१. कार्यक्रमको परिचय :** अष्ट्रेलियन सरकार, बैदेशिक मामिला तथा व्यापार विभाग र द एशिया फाउण्डेशनको साझेदारीमा मिथिला नगरपालिकामा स्थानीय सरकार सबलीकरण कार्यक्रम संचालन भइरहेको छ । यस अवधिमा कार्यक्रमबाट पहिलो चरणमा थालनी भएका स्थानीय शासन सबलीकरणका कार्यहरुलाई निरन्तरता दिँदै दीगो, प्रभावकारी र समावेशी संघीय शासन व्यवस्थाको कार्यान्वयनका लागि सहज वातावरण निर्माण गर्न अवसर प्राप्त हुने विश्वास लिइएको छ । यस कार्यक्रमको मूलभुत उद्देश्य स्थानीय तहबाट प्रदान हुने सेवा प्रवाहमा सुदृढीकरणका लागि प्राविधीक सहयोग उपलब्ध गराई स्थानीय जनस्वास्थ्य प्रणालीको सुदृढीकरण, आर्थिक पुनरुत्थान र सरकारबाट प्रवाह हुने सेवाको सुधारमा सहजीकरण गर्नुका साथै नेपालमा सवल, प्रभावकारी र समावेशी स्थानीय शासन व्यवस्थाको कार्यान्वयनका लागि सहज वातावरण निर्माण गर्न योगदान पुऱ्याउनु रहेको छ ।

कार्यक्रमको एक महत्वपूर्ण उद्देश्यको रुपमा लैंगिक समानता, सामाजिक समावेशीकरण र अपांगता भएका व्यक्ति लगायत अति सीमान्तकृत समुदायको बृहत्तर हितमा योगदान पुऱ्याउने रहेको छ । उल्लिखित उद्देश्य हासिल गर्न साझेदार नगरपालिकासँगको समन्वयमा ***स्थानीय सरकार सबलीकरण तथा सीमान्तकृत समुदायका लागि प्रशिक्षार्थी अवसर कार्यक्रम*** सञ्चालन गर्ने उद्देश्य लिइएको छ । यस प्रशिक्षार्थी अवसर कार्यक्रमबाट नगरपालिकाका काममा संलग्न भई सिक्ने, नगरपालिकाको आवश्यकता र प्राथमिकताका क्षेत्रमा आवश्यक सहयोग गर्ने अवसर प्राप्त हुने विश्वास कार्यक्रमले लिएको छ ।

**२. प्रशिक्षार्थी आवद्ध हुने स्थानीय तहः**

- **मिथिला नगरपालिका, धनुषा जिल्ला, मधेश प्रदेश ।**

**३. आवश्यक प्रशिक्षार्थी संख्या :** एक (१) जना

**४. प्रशिक्षार्थीको कार्यस्थान :** प्रशिक्षार्थीले नगरपालिकामा रही कार्य गर्नुपर्नेछ । नगरपालिकाले (प्रदेश संयोजक तथा नगरपालिकाका सम्पर्क अधिकृतबीचको समन्वयमा नगरप्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतसँग परामर्श गरी) प्रशिक्षार्थीलाई वडा, समुदाय तथा टोल तहमा हुने योजना तर्जुमा, टोल विकास संस्थाका कार्यक्रमहरुमा समेत अवलोकनका लागि परिचालन गर्न सकिनेछ । द एशिया फाउण्डेशनले आवश्यकता अनुसार नगरपालिका क्षेत्र बाहिर सञ्चालन हुने तालिम, अनुशिक्षण तथा सिकाई आदान प्रदान कार्यमा लगाउन सक्नेछ ।

**५. प्रशिक्षार्थीको भूमिका तथा मुख्य जिम्मेवारीहरु :** प्रशिक्षार्थीको मुख्य भूमिकाहरु तथा जिम्मेवारी देहाय बमोजिम हुनेछः

१. नगरपालिका तथा द एशिया फाउण्डेसनबाट सेवा प्रवेश लगत्तै तथा समय समयमा आयोजना गर्ने स्थानीय शासन र विकास प्रशासन सम्बन्धी ज्ञान तथा सीपमूलक विभिन्न तालिम, अनुशिक्षण तथा सिकाई आदान प्रदान कार्यक्रममा सक्रियतापूर्व भाग लिने,

२. नगरपालिका र फाउण्डेशनबाट सञ्चालित कार्यक्रमको संक्षिप्त प्रतिवेदन रआवश्यक सूचना तथा तथ्यांकको संकलन विश्लेषण सहितको प्रतिवेदन तयार गरी पेश गर्ने,

३. नगरपालिका र फाउण्डेशनले तोकेका बिषयक्षेत्रमा संलग्न भई कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने ।

**६. समन्वयमा रही कार्य गर्नेः** प्रशिक्षार्थीले नगरपालिकाले तोकेको सम्पर्क अधिकारी र द एशिया फाउण्डेशनका कर्मचारी तथा प्रदेश संयोजकको प्रत्यक्ष समन्वय, सहजीकरण र सुपरिवेक्षणमा रही कार्य गर्नुपर्नेछ ।

२०८२/०६/२३

०८२/६/२३

प्रमुख प्रशासकीय अधिकृत

**७. प्रशिक्षार्थीलाई प्राप्त हुने सेवा सुविधाः** प्रशिक्षार्थीलाई द एशिया फाउण्डेशनको नियमबमोजिमको सेवा सुविधा उपलब्ध हुनेछ ।

**८. प्रशिक्षार्थी कायम रहने अवधिः** प्रशिक्षार्थी कायम रहने अवधि नियुक्ती भएको मितिदेखी एक वर्षसम्म हुनेछ ।

**९. आवेदन शुल्क :** आवेदन दिँदा कुनै शूल्क लाग्नेछैन ।

**१०. आवेदन दिनका लागि न्यूनतम शैक्षिक योग्यताः** स्नातक तह अध्ययन गरिरहेको व्यक्तिले प्रशिक्षार्थीको आवेदन दिन सक्नेछन ।

**११. आवेदकको अनुभवः** आवेदन दिनका लागि कुनै काम गरेको अनुभव आवश्यक पर्ने छैन ।

**१२. आवेदन दिँदा इमेल वा हस्त लिखित निवेदन सँगै पेश गर्नुपर्ने कागजातहरुः** आवेदकले प्रशिक्षार्थीको लागि आवेदन बुझाउँदा देहायका कागजातहरु संलग्न गरी पेश गर्नुपर्नेछ ।

1. *निवेदनः* प्रशिक्षार्थीको अवसर प्राप्त गर्न किन आफु उपयुक्त छु ? प्रशिक्षार्थी कार्यक्रमबाट के अपेक्षा गरेको छु भन्ने बिषय समेत समेटीएको निवेदनपत्र र वायोडाटा

2. *शैक्षिक प्रमाणपत्रः* स्नातक तहमा अध्ययन गरिरहेको खुल्ने प्रमाणपत्र (क्याम्पसको सिफारिस पत्र वा बिद्यार्थी परिचय पत्रको प्रतिलिपी)

३. ***नागरिकता प्रमाणपत्रको प्रतिलिपी***

४. ***अपाङ्गता भएका व्यक्तिको हकमा सोको प्रमाणपत्रको प्रतिलिपी ।***

**१३. छनौट विधि :** आवेदकहरु मध्येबाट प्रारम्भिक छनौटमा परेका आवेदकहरुलाई अन्तरवार्तामा बोलाइनेछ ।

**१४. आवेदकले निवेदन पत्रमा कुन नगरपालिकाका लागि आवेदन गरेको हो खुलाई पठाउनु पर्नेछ ।**

*आवेदन पठाउने इमेल ठेगानाः* nepal.fellowship@asiafoundation.org.

*हस्त लिखित निवेदन* दिन चाहाने आवेदकले नगरपालिकाको प्रशासन शाखामा निवेदन बुझाउन सक्नेछन् । यसरी प्राप्त लिखित निवेदनलाइ प्रदेश संयोजकको सहजीकरणमा द एशिया फाउण्डेशनको कार्यालयमा पेश गर्नुपर्नेछ ।

*१५. आवेदन पठाइसक्नुपर्ने अन्तिम मिति :* २०८२ साल मंसिर ३ गतेभित्र

(*नोटः सीमान्तकृत समुदायका व्यक्तिको आवेदन मात्र ग्राह्य हुनेः* द एशिया फाउण्डेशन सामाजिक समावेशीकरण तथा लैङ्गिक समानताप्रति प्रतिबद्ध रहेको छ । यस प्रशिक्षार्थी अवसर कार्यक्रममा नगरपालिकाभित्रका अपाङ्गता भएका व्यक्ति (महिला तथा पुरुष) र अति सीमान्तकृत समुदाय र दलित समुदायका महिलाहरुबाट प्राप्त आवेदन मात्र ग्राह्य हुनेछ ।)

**आवेदकले केहि थप बुझ्न चाहेमा सम्पर्क व्यक्ति र नम्वर**

- **नाम थरः** मञ्जु बि.क., **सम्पर्क नम्वरः** ९८५४०२२२०८

२०८२/०६/२३

०८२/६/२३
प्रमुख प्रशासकीय